बैठक संख्या : १६८
मिति : २०८१।१०।३०, बुधबार
समय : दिनको १२:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीगाया हायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री विनोद भट्टराई | सचिव (प्र.प्र.अ.) |

कमलामाई नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

मिति २०८१ माघ ३० गते बसेको १६८ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १: सिन्धुलीगढी कारागार व्यस्थापन सम्बन्धमा,

निर्णय : क) सिन्धुलीगढी स्थित ऐतिहासिक जेलघरको भग्नावशेषलाई गत वर्ष सुरक्षा र अवलोकन गर्न सजिलो हुने गरी स्टिल रेलिङ्ग निर्माण गरिएको थियो । उक्त जेलघरको कोठाहरुमा कायलकबुल गराउन प्रयोग गरिने परम्परागत सँजायहरु झल्किने फाइबरका प्रतिभाहरु निर्माण गरी स्थापित गर्नु पर्ने आवश्यक देखिएकोले आ.व. २०८१/८२ मा विनियोजित सिन्धुलीगढी पूर्वाधार विकास शिर्षकबाट उक्त प्रतिमाहरु निर्माण गर्ने निर्णय गरियो ।

**निर्माण गरिने प्रतिभाहरुः**

- ठिंगुरा कसेको
- पाता फर्काएको
- गर्खेलौरी ठोकेको
- चारपाटा मुडेको

ख) परापूर्वकालदेखि नै सिन्धुलीगढी भञ्ज्याङ्ग हुँदै हुने व्यापार व्यवसायमा भरियाहरुको रुपमा ढाकर बोक्ने ज्यामीहरु हुने गरेका र हाल आएर त्यस्ता ढाकर बोक्रे ज्यामीहरु यस भञ्ज्याङ्गबाट आउने जाने क्रममा बन्द भई सकेको र यो भूमिका आम स्मृतिबाट विस्तार विस्तार हराउँदै गएकोले यसलाई प्रतिमा बनाएर सिन्धुलीगढी क्षेत्रमा स्थापित हुन जरुरी भएकोले ढाकर बोकेको ढाक्रे, उसको खानपानको सामान सहित, ठेक्मा समेत झल्किने एक फाइबरको प्रतिमा स्थापित गर्ने निर्णय गरियो ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. २:** करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको म्याद थप सम्बन्धमा,

**निर्णय :** नगरपालिकामा करार तथा मासिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी, स्वीपर, सवारी चालक, नगर प्रहरी, कम्प्यूटर अपरेटर, न्यायीक सहजकर्ता लगायत अन्य विभिन्न प्राविधिक तर्फका कर्मचारीहरुको आर्थिक वर्ष २०८१/८२ का लागि दरबन्दी कायम गरी २०८१ माघ १ गते देखि लागू हुने गरी ६ महिनाको लागि म्याद थप गर्न सिफारिस साथ आगामी नगर सभाबाट अनुमोदन हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३:** त्र्यम्बकेश्वर ज्योतिर्लिङ मन्दिर सम्बन्धमा सम्बन्धमा,

**निर्णय :** कमलामाई नगरपालिका वडा नं. २ चियाबारी गौतमी शिर स्थित त्र्यम्बकेश्वर ज्योतिर्लिङ मन्दिरमा प्राङ्गणमा २०८१ फाल्गुण ७ गते देखि १५ गतेसम्म संचालन हुने महायज्ञ कार्यक्रमको लागि रु. २,५०,०००।– (दुई लाख पचास हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४:** स्तर वृद्धि (कार्यालय सहयोगीहरुको) सम्बन्धमा,

**निर्णय :** स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७८ तथा स्थीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६ को उपदफा (३) मा उल्लेख भए अनुसार देहाय बमोजिमका कर्मचारीहरुको शैक्षिक योग्यता र सेवा अवधि समेत पुगेको हुँदा मिति २०८१/१०/०१ गते देखि लागू हुने गरी तपसिल बमोजिमका पद/तहमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी तहवृद्धि गर्ने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नाम, थर | कार्यरत पद | सेवा/समूह | हाल बहाल रहेको पद | तह वृद्धि हुने पद/तह |
|---|---|---|---|---|---|
| १ | श्याम कुमार श्रेष्ठ | कार्यालय सहयोगी | तह बिहिन | तह बिहिन/चौथो | तह बिहिन/पाँचौं |
| २ | ओम नारायण मगर | कार्यालय सहयोगी | तह बिहिन | तह बिहिन/तेश्रो | तह बिहिन/चौथो |

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

प्रस्ताव नं. ५: जिल्ला खेलकुद सम्बन्धमा,

निर्णय : जिल्ला खेलकुद विकास समितिबाट २०८१ फाल्गुण पहिलो हप्तादेखि संचालन हुने जिल्ला स्तरीय खेलकुद कार्यक्रमका लागि रु. ३,००,०००।– (तीन लाख मात्र) उपलब्ध गराउने र उक्त कार्यक्रममा खेलाडी सहभागी गराउनका लागि नगर खेलकुद विकास समितिबाट रु. ५,३५,०००।– (पाँच लाख पैंतीस हजार मात्र) माग गरी प्रस्ताव पेश भएकोमा प्रस्तावमा पेश भए अनुसारको खर्च बील भर्पाइका आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ६: पुनः श्रम स्वीकृति सेवा शुल्क तोक्ने सम्बन्धमा,

निर्णय : वैदेशिक रोजगारमा गएर छुट्टीमा आएका व्यक्तिको पुनः श्रम स्वीकृती गर्न रोजगार सेवा केन्द्रबाट सहजिकरण गरे वापत सेवा शुल्क रु. ३००।– (तीन सय मात्र) लिने निर्णय गरियो ।

निर्णय नं. ७: गत असोज १८ गते आएको अविरल वर्षाको कारणले कमलामाई न.पा.-१०, भँडार स्थित उमेश कार्की, जित बहादुर दर्लामी, इन्द्र बहादुर दर्लामीको घरलाई जोखिम बनाउने गरी पहिरो गएकोले उक्त पहिरो अर्को वर्षा अवधि नआउँदै नियन्त्रण गर्नु पर्ने भएकोले उक्त कार्यको लागि विपद् व्यवस्थापन कोषबाट व्यय हुने गरी रु. १,५०,०००।– (एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८: कमलामाई नगरपालिका वडा नं. १ निवासी केशव माझी ट्याक्टर दुर्घटनामा परी हाल सघन उपचार भई रहेको हुँदा रु. २,००,०००।– (दुई लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९: कमलामाई नगरपालिका वडा नं. ९, भिमानमा निर्माण हुने ट्रमा अस्पतालको लागि वडा कार्यालयबाट अनुरोध भई आए अनुसार तयार भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी निर्माण कार्य अगाडी बढाइ दिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

निर्णय नं. १०: बासोगीत लघु उद्यम सहकारी संस्था लिमिटेडलाई प्रदेश स्तरीय कृषि उद्यम प्रदर्शनी मेला संचालनको लागि रु. १,५०,०००।– (एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११: कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भित्र क्यान्टिन निर्माणको लागि आवश्यक पूर्वाधार तयार गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२: सुरक्षित महिला आवास गृह निर्माणको लागि बागमती प्रदेश सरकारबाट बजेट विनियोजन भएकोमा केन्द्र भवन निर्माणको लागि वडा नं. ७ उल्लेख रहेकोमा उक्त भवनको जग्गा वडा नं. ६ मा रहेकोमा सोही अनुसार संशोधनको लागि बागमती प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३: कमलामाई नगरपालिका वडा नं. ३ स्थित श्री जलकन्या माध्यमिक विद्यालयमा रहेको नेपाली विषय शिक्षक दिइ राजिनामा स्वीकृत भए अनुसार उक्त रिक्त रहेको नेपाली विषयलाई नगरसभाबाट अनुमोदन हुने गरी सामाजिक विषयमा परिवर्तन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४: कमलामाई नगरपालिका वडा नं. १० बस्ने डिल्ली बहादुर कार्कीको घरगोठ अविरल वर्षातका कारणले पहिरो गई क्षति भई उक्त क्षति रोकथामको लागि विपद् व्यवस्थापन कोषबाट रु. १,५०,०००।– (एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५: कमलामाई नगरपालिका स्थित दनुवार जागरण जिल्ला कार्य समितिद्वारा ठूली एकादशी / वढ्की एकादशीमा संचालित विभिन्न साँस्कृतिक कार्यक्रमका लागि रु. २,००,०००।– (दुई लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख